# रोल्पा नगरपालिकाको आ.व.२०७६/०७७ को नीति तथा कार्यक्रम

## (क) आर्थिक विकास :–

### (१)कृषि नीति तथा कार्यक्रम

- कृषि तथा पशु व्यवसायलाई नगरपालिकाको सम्वृद्धिको आधारको रुपमा विकास गरिनेछ ।
- कृषि पेशालाई सामाजिक मर्यादा र प्रतिष्ठाको रुपमा प्रस्तुत गरिनेछ ।
- दुध,अण्डा तथा मासु उत्पादनमा रोल्पा नगरपालिकालाई आत्मनिर्भर बनाइनेछ ।
- शिक्षित तथा सबै खालका युवाहरुलाई कृषि पेशामा प्रेरित गर्न विशेष कार्यक्रम ल्याइनेछ ।
- रोल्पा नगरपालिकाको १० वटा वडाका प्रत्येक एक गाँउलाई प्राविधिक तालिम उपलव्ध गराई एक गाँउ एक उत्पादन कार्यक्रमद्वारा प्रत्येक ग्रामीण घरमा कम्तीमा एक घर एक रोजगार श्रृजना गरिनेछ ।
- उत्पादन तथा बजारिकरणको अवस्थालाई व्यवस्थित गरिनेछ ।
- कृषिमा विशिष्टीकरण गरि नमूना उत्पादनमा जोड दिइनेछ ।
- मौरीपालन लाई व्यावसायिक बनाउने कार्यक्रम ल्याइनेछ ।
- नगरपालिका स्तरमा एक **COLD STORE** निर्माण गरिनेछ ।
- माडिचौर,धावाङ,मुलपानी,वाजावाङ,धवाङ,देउराली,लाल्टीवाङ लगायत थप संभावित क्षेत्रहरुको पहिचान गरि नगदे वाली फलफुल तथा तरकारी पकेट क्षेत्रहरुको घोषणा गरिनेछ ।
- गाँउ गाँउमा आर्थिक विकासका लागि उत्पादनमूलक घरेलु कार्यक्रम लागू गरिनेछ ।
- आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहित गरिने छ । पशुपंछी पालन र कृषिमा आत्मनिर्भरहुने कार्यक्रमलाई अगाडि वढाइने छ ।
- व्यवसायिक कृषि तथा पशुपंक्षीजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुरयाउने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
- कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिइनेछ ।
- कम्तिमा एक घर एक फलफुलको नितिलाई लागु गरिनेछ ।

### (२) पर्यटन नीति :

- आन्तरिक एवं वाह्य पर्यटक भित्र्याउन सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र विकास गरिनेछ ।
- पर्यटन विकासका लागि होमस्टेको स्थापना र विकासमा जोड दिइनेछ ।
- हाम्रो जिल्ला जनयुद्धको उदगम जिल्ला भएकाले युद्ध पर्यटनको प्रचुर सम्भावना छ , यसै कुरालाई मध्यनजर गर्दै यस नगरपालिकामा युद्ध पर्यटनका लागि वृहत योजना वनाइनेछ र काम अगाडि वढाइनेछ ।

- जलजला क्षेत्र,सातदोबाटा क्षेत्र,दार्वोट क्षेत्र,घामतारा क्षेत्र लगायतका स्थानहरुमा पर्यटकिय क्षेत्रहरुको विकास गरिनेछ ।
- विभिन्न पर्यटकीय स्थानको पूर्वाधार निर्माण गरि होमस्टे, प्राचीन संस्कृतिको अध्ययन केन्द्र, जंकोटमा मगर संग्राहलय,गुरुङगाउँमा जनजाति संग्राहलय लगायत विभिन्न पिकनिक स्पोटहरुको निर्माण गरि मनोरञ्जनात्मक वातावरणको विकास गरिनेछ ।
- आन्तरिक पर्यटनका लागि शहिद स्मारक सहितको पार्कको निर्माण गरिनेछ ।
- आन्तरिक तथा वाह्य पर्यटनका लागि सातदोबाटामा नेपालकै सवैभन्दा अग्लो भ्युटावर निर्माणको प्रक्रियालाई निरन्तरता दिइनेछ ।
- पर्यटकिय क्षेत्र जलजला आवागमनका लागि यातायात,पैदलमार्ग,केवुलकार तथा अन्य विकल्पहरुको सम्भाव्यता अध्ययन गरिनेछ ।
- बन्जी जम्प, जल पर्यटन जस्ता साहसिक पर्यटनका लागि सम्भाव्यता अध्ययन गरि पूर्वाधार विकास एवं प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

## (३) उद्योग÷घरेलु उद्योग सम्बन्धी नीति :

- नगर क्षेत्रमा उद्योग स्थापनाका लागि पहल गरिनेछ ।
- घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनमा जोड दिईनेछ ।
- नगरपालिकाको निश्चित क्षेत्रलाई औद्योगिक क्षेत्रको रुपमा विकास गरिनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित जडिबुटी प्रशोधन उद्योग, नेपाली कागज उद्योग, अल्लो धागो उद्योग लगायत अन्य उद्योगको स्थापना गर्न प्रोत्साहन दिईनेछ ।
- उद्योगको प्रवर्द्धनका लागि स्थानीय उत्पादनहरुको बजारिकरणलाई ध्यान दिइनेछ ।

# (ख) पुर्वाधार विकास नीति :

- रोल्पा नगरपालीकाको १० वटै वडा जोड्ने रिङरोडको योजनालाई यसै बर्ष देखि अगाडि बढाइनेछ ।
- नगरपालीकाको केन्द्र लिवाङ देखि वडा केन्द्रसम्म जोडिएका सवै सडकहरुलाई बाह्रैमहिना चल्ने बनाइनेछ ।
- किमिचौर-वाजावाङ-माडिचौर-लिवाङ सडक,घोराही-कोछाप-लिवाङ-थवाङ सडक,लिवाङ-जंकोट-कुरेली सडक,लिवाङ-ह्वामा-मिरुल सडक,खुमेल-भनभने भुम-लिवाङ सुनिलमार्ग, लिवाङ-लाटावाङ-मिरुल सडक लगायतका सडकहरुलाई निरन्तरता दिइनेछ ।
- भर्खरै मात्र खोलिएका नयाँ सडकहरुलाई स्तरोन्नती गरि नियमित संचालनमा ल्याइनेछ ।
- शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण पालनामा जोड दिईनेछ ।
- प्रत्येक वडाका सडक, खानेपानी, सिंचाई र फोहोर व्यवस्थापन लगायत सम्भाव्यता अध्ययन गरि योजना बैंक निर्माण गरेर सम्बन्धित क्षेत्रवाट कार्यान्वयन गरिनेछ ।

- नगरपालिका भित्रका सवै घरमा बिजुली बत्ति पुग्ने गरि विद्युतिकरण गरिनेछ ।
- वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा, शुन्य फोहोर मैलाको रुपमा वायो ग्यासको विकास गरिनेछ ।
- पूरानोबजारहरुलाई क्रमशः सुधार गरि सडक चौडा गर्ने, ढल तथा नालाको व्यवस्था गरिनेछ ।
- नयाँ बजार र नयाँ वस्ती विकासका लागि योजनावद्ध विकास गरिनेछ । Land Pooling को माध्ययमवाट व्यवस्थित बजार र वस्तीको विकास गरिनेछ ।
- नगरको सवै वडाहरुमा ठूला योजनाहरु सडक, खानेपानी, सिंचाई एवं अन्य पूर्वाधार निर्माणमा DPR निर्माण गरि व्यवस्थित रुपमा कार्य गरिनेछ । नगरभित्रका पूर्वाधार निर्माण गर्दा वडास्तरीय, नगरस्तरीय र प्रान्त/संघस्तरीय योजना गरी ३ तहमा वर्गिकरण गरि कार्यान्वयन गरिनेछ ।
- कुलो तथा पाइप सिँचाइ प्रणालीद्धारा सिँचाइ सम्भव नभएका क्षेत्रहरुमा लिफ्टिङ सिँचाई प्रविधिको अवलम्बन गरिने छ ।
- सानातिना भैपरी आउने पूर्वाधार निर्माण गर्नका लागि कूल पूँजीगत बजेटको वडा स्तरीय योजनाका लागि कम्तिमा ५ प्रतिशत र नगरस्तरीय योजनाका लागि ५ देखि १० प्रतिशत बजेट मर्मत सम्भार कोषमा विनियोजन गरिनेछ ।
- बजारमा अव्यवस्थित रहेका पोल तथा तारहरुलाई व्यवस्थित गराउन पहल गरिनेछ ।
- नगरपालिका भित्रका बाटोलाई मापदण्ड अनुसार फराकिलो वनाईनेछ ।
- नगरस्तरीय सडकलाई २ लेनको वनाईनेछ ।
- नगर यातायात र नगर ग्रामीण यातायातलाई व्यवस्थित वनाइनेछ र सुरक्षित वनाईनेछ । साथै मापदण्ड तोकि रुट परमिटको व्यवस्था गरिनेछ ।
- नयाँ खोलिएका ट्र्याकहरुको लगत कट्टा गरी सार्वजनिक वनाईनेछ ।
- एयरपोर्टको संभाव्यता अध्ययन गरि काम थालिनेछ ।
- मडिचौरमा अगाडि बढाइएको घना बस्ति कार्यक्रमलाई अगाडि बढाउन पहल गरिनेछ ।
- लिबाङ बजारको अगाडि बढिरहेको आन्तरिक रिङरोडको योजनालाई निरन्तरताका लागि पहल गरिनेछ ।

## (१)मर्मत सम्भार सम्बन्धी नीति ः

- सवै वडाहरुमा वाह्रै महिना सवारी साधन चल्न सक्ने सडक (All weather Road)वनाउन मर्मत संभार कोष स्थापना गरी सोवाट काम गरिनेछ ।
- विग्रिएका सौर्य सडक वत्तीहरुको मर्मत गरि चालु अवस्थामा राखिनेछ ।

## (ग) सामाजिक विकास :–

### (१) शिक्षासम्बन्धि नीति :

- **"दक्ष शिक्षक गुणस्तरीय शिक्षा, समृद्ध र समुन्नत रोल्पा नगरपालिका हाम्रो इच्छा"** भन्ने आर्दश बाक्यका साथ आगामी ५ बर्षलाई सामुदायिक विद्यालय सुधार अभियानको रुपमा सञ्चालन गरिनेछ, यो कार्यमा सघींय सरकारको सामुदायिक विद्यालय सुधार दशकका नीति, कार्यक्रम र कार्ययोजनासँग समन्वय र सहकार्य गरिनेछ,।
- नगरपालिकाको समग्र शैक्षिक गुणस्तर उन्नयनका लागि आगामी बर्षभित्र नगर शिक्षा योजना तर्जुमा गरी अघि वढिनेछ, मानव संसाधन प्रक्षेपणका आधारमा शिक्षालाई सीपविकास, श्रमलाई सम्मानगर्ने, आयआर्जन र रोजगारीसग आवद्ध गर्ने गरी प्राविधिक शिक्षाका नयाँ कार्यक्रमहरु विस्तारमा जोड दिइनेछ । प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिदै यसलाई अझ लक्षित समूह केन्द्रित, माग र श्रम बजारको आवश्यकतामा आधारित बनाउदै लगिनेछ । यस कार्यमा प्रदेशको कार्यटोलीले गरेको अध्ययनको सुझावलाई समेत मध्य नजर गरिनेछ,।
- सामुदायिक विद्यालयहरुलाई वडा शिक्षा समिति सँगको समन्वयमा नक्सांकन गरिनेछ । नगर शिक्षा समितिले भूगोल र विद्यार्थी संख्याको आधारमा तह, कक्षाथप घट गरी Remapping गरिनेछ । नगरपालिकाको प्रत्येक वडामा कम्तिमा एक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने गरी आगामी बजेट केन्द्रित गरिनेछ । विद्यालयहरुमा न्यून शिक्षक दरवन्दीलाई मध्यनजर गरी शैंक्षिक गुणस्तर सुधारका लागि विद्यालयहरुलाई यो बर्ष पटके अनुदानका रुपमा एकमुष्ट अनुदानको व्यवस्था मिलाइनेछ,।
- संस्थागत विद्यायलहरुको वर्गिकरण, शुल्क निर्धारण गरिनेछ, लक्षित समूहका बाल बालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था र नियमन,व्यवस्थापन मार्फत नाफामूलक भन्दा सेवामूलक बनाउन संस्थागत विद्यालय न्यूनतम मापदण्ड निर्देशिकाले तोकेका आधारमा संस्थागत विद्यालयहरुसँग समन्वय र सहकार्य अघि वढाइनेछ,।
- सामुदायिक विद्यालयका शिक्षकहरुलाई नविनतम शैक्षिक प्रविधिहरुवारे क्षमता विकास गरिनेछ, शिक्षकहरुलाई समय सापेक्ष अद्यावधिक गराईराख्न शिक्षक पेशागत सक्षमतामा आधारित योग्यता परीक्षण प्रारुप तयार पारी शिक्षक महासघंसँगको समन्वयमा यसै बर्षदेखि योग्यता परीक्षण कार्य सुरु गरिनेछ,।
- प्रधानाध्यापकहरुसँग कार्यसम्पादन करार सम्झौता गरिनेछ, नतिजामूलक कार्यसम्पादन सम्झौंताका आधारमा कार्यसम्पादन र प्राप्त नतिजाका आधारमा विषयगत शिक्षक, प्रधानाध्यापक र विद्यालयहरुलाई Performance Based GrantS सूरुवात गरिनेछ । शिक्षक तथा कर्मचारीहरुको तलवभत्ता मासिक रुपमा बैंकमार्फत भुक्तानीक लागि पहलगरिनेछ,।
- नगर क्षेत्रमा रहेका सामुदायिक सिकाई केन्द्रलाई क्रियाशिल बनाइनेछ, यस्ता सिकाई केन्द्रलाई अभिभावकशिक्षा, निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालनमा परिचालन गरिनेछ । सामुदायिक सिकाई केन्द्रलाई अगुवा विद्यालय र वडा कार्यालयप्रति उत्तरदायी वनाइनेछ,।
- हालसम्म विद्यालयमा भर्ना नभएका, गरिव, विपन्न, द्वन्दपिडित, शहिद परिवार, लगायतका लक्षित समूहका बालबालिकाहरुलाई आगामी बर्षभित्र विद्यालयमा भर्ना गरी अनिवार्य आधारभूत शिक्षाको

प्रत्याभूत गराइनेछ, नगरक्षेत्रमा सञ्चालित फरक क्षमता भएका बालबालिकाहरु अध्ययनरत विद्यालयहरुलाई सवलीकरण गरी बालमैत्री व्यवस्थापनमार्फत बालबालिकाहरुको चौतर्फि विकासमा जोड दिइनेछ,

- विद्यालयमा सूचना तथा सञ्चार प्रणालीको प्रयोगमा वढवा दिइनेछ, प्राथमिकतहको विद्यालयदेखि नै कम्प्युटरको माध्यमले शिक्षण सिकाईगरिनेछ, माध्यमिक तहका विद्यालयहरुमा डिजिटल र भर्चुवल कक्षा सञ्चालन गरिनेछ,।
- विद्यालय शिक्षाको जगका रुपमा रहेका बालविकास केन्द्रहरुलाई क्रमश स्तरोन्नती गर्दै लगिनेछ, बालविकास केन्द्रको भौतिक व्यवस्थापन, सामग्री व्यवस्थापन र शिक्षकहरुको क्षमता विकास गर्दै हालसम्म बालविकास केन्द्र नभएका विद्यालयहरुमा यो बर्ष सहायता अनुदानको व्यवस्था मिलाइनेछ, समुदायमा सञ्चालनमा रहेका बालविकास केन्द्रहरुलाई विद्यालयमा आवद्ध गराइनेछ,।
- नगरक्षेत्रका विद्यालयहरुको अनुगमन र मूल्यांकनको लागि वडाको अगुवा विद्यालय (Leader to feeder) अनुगमन मोडल अपनाइनेछ, वडा कार्यालयसँगको सहकार्यमा विषयगत रोष्टर, प्रधानाध्यापक र विषयगत विज्ञ शिक्षकहरुको टोली वनाई समूह सुपेरीवेक्षण र पेशागत सहायता प्रदानगरिनेछ ।

## (२) स्वास्थ्य सम्वन्धी नीति

- एक वडा एक स्वास्थ्य केन्द्रको नीतिलाई अवलम्वन गरिनेछ ।
- नगरपालिकाका दुर्गम क्षेत्रमा नगरपालिकाद्वारा स्थापना गरिएका शहरि स्वास्थ्य केन्द्रहरुको( भौतिक तथा जनशक्तिको) स्तरोन्नती गरि जनताको स्वास्थ्य सम्वन्धि अधिकारलाई सुनिश्चित गरिनेछ ।
- रोल्पा जिल्ला अस्पतालको पूर्वाधार निर्माण कार्य अगाडि वढाइनेछ र अस्पतालको स्तरोन्नती गरेर १०० शैचयाको बनाइनेछ ।
- नगरपालिका भित्र जडिवुटी केन्द्रको रुपमा विकसित गराई आयुर्वेद विद्यालयको स्थापना गर्न पहल गरिनेछ ।
- सवै वडाकेन्द्र, स्वास्थ्य संस्थामा कम्तिमा एक /एक वटा एम्बुलेन्सको व्यवस्था गरिनेछ ।
- विद्यालय स्वास्थ्य कार्यक्रम लाई अगाडि बढाइनेछ ।
- प्रत्येक वडामा स्वास्थ्य चौकिको निर्माण गरी आवश्यक उपकरण उपलव्ध गराईनेछ । आवश्यक औषधि, खोपको समुचित वितरण उपलव्ध गराई रिफरल केन्द्रको रुपमा विकसित गराई न..पा. केन्द्रमा आधुनिक सुविधा सम्पन्न अस्पतालको निर्माण गरिनेछ ।
- स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गरी HIV/AIDS, लागू पदार्थ दुर्व्यसनी नियन्त्रण र तिनको हेरचाहको लागि विभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ ।

## (३) खानेपानी तथा सरसफाई सम्बन्धी नीति

- रोल्पा नगरपालिका भरि एक घर एक खानेपानी  धाराको नीतिलाई लागु गरिनेछ ।
- रोल्पा नगरपालिकाको केन्द्र एवं सदरमुकाम लिबाङ तथा आसपासका वडाहरुमा अस्तव्यस्त अवस्थामा रहेको खानेपानीको अवस्थालाई दिर्घकालिन रुपमै सुधार गर्न शहरि खानेपानी आयोजनाको कार्यान्वयन गरिनेछ ।
- खानेपानीको समस्यामा रहेका वडाहरु तथा स्थानहरुको पहिचान गरि क्रमैसंग खानेपानी आयोजनाहरु लागु गरिनेछ ।
- "स्वच्छ खानेपानी,सफा घर र स्वस्थ जीवन" को नारालाई अगाडि वढाइनेछ ।

## (३) कला तथा संस्कृति सम्बन्धी नीति

- नगरपालिका भित्रका सबै भाषा तथा सँस्कृतिको जगेर्ना गरिनेछ ।
- मगर,गुरुङ,नेवार,बाहुन,क्षेत्री लगायतका जात जातीहरुको सँस्कार र सँस्कृतिलाई पर्यटन विकास संग जोडिनेछ ।
- रोल्पा नगरपालिकाको बहुसंख्यक जाति मगरहरुले शासन चलाएको स्थान जंकोटलाई मगर संग्राहलयको रुपमा विकास गरिनेछ ।
- कला,साहित्य र संस्कृतिको क्षेत्रमा विशेष योजना निर्माण गरि विकास र संरक्षण गरिनेछ ।
- वृहत साहित्य महोत्सवलाई निरन्तरता दिइनेछ ।

## (३)समावेशीकरण/जेष्ठनागरिक /महिला/युवा/बालबालिका तथा शहिद परिवार सम्बन्धि नीति ः

- शहिद परिवार,बेपत्ता परिवार,घाइते तथा अपाङ्ग र द्वन्द्व पिडितहरुका लागि विशेष कार्यक्रम ल्याइनेछ ।
- बाल विवाह न्युनिकरणका लागि अभियानहरु चलाइनेछ ।
- छुवाछुत मुक्त नगरपालीका घोषणा अभियानलाई अगाडी बढाइनेछ ।
- लोपोन्मुख जातीहरु ,दलितहरु र जनजातीका लागि विशेष कार्यक्रम उपलव्ध गराईनेछ ।
- बालबालिकाको चौतर्फी विकासका लागि प्रतियोगितात्मक, मनोरञ्जनात्मक र साहसिक कार्यक्रमहरुसञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकहरुको लागि निशुल्क स्वास्थ्य परीक्षण शिवीर संचालन गरिनेछ ।
- महिलाहरुको लागि सीपमूलक तथा व्यवसायिक तालिमको व्यवस्था गरिनेछ ।
- बालमैत्री स्थानीय शासन अनुरुपमा विविध कार्यक्रमहरु सञ्चालन गरिनेछन ।
- आमा समुहहरुको व्यवस्थित रुपमा गठन,पुनर्गठन तथा परिचालन गरिनेछ ।
- भिन्न क्षमता भएका नागरिकका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन ।

## (२) युवा तथा खेलकूद नीति ः

- युवाहरु देश विकासका प्रमुख शक्ति हुन भन्ने कुरालाई मध्यनजर गर्दै " युवा सहितको गाँउ " भन्ने नारालाई अवलम्वन गरिनेछ ।
- " युवा सहितको गाँउ–रोल्पा नगरपालीका समृद्धिको अर्को नाउँ " नामक युवा लक्षित कार्यक्रम लिइनेछ ।
- नगरपालिकासँग युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- समग्र खेलकुद क्षेत्रको विकासका लागि एक वडा एक खेल मैदानको नीति अवलम्वन गरिनेछ ।
- खेलकूदको समूचित विकास गर्न खेलकूद समिति निर्माण गरि पूर्वाधारको निर्माण,प्रशिक्षण र प्रतियोगिता आदिको आयोजना गरिनेछ ।
- भलिबल संघ,फुटवल संघ लगायत सवै खेलकुद संघ तथा संगठन एवं जिल्ला रेफ्रि संघ समेतको नगरपालिका स्तरमा एक संयोजन समिति वनाइनेछ ।
- रोल्पा नगरपालिकाको वडा नं. ७ माडिचौरमा अवस्थित खेलकूद मैदानलाई पूर्वाधारयुक्त सुविधा सम्पन्न रंगशाला विकास गरिनेछ ।
- रोल्पा नगरपालिकाको केन्द्र लिवाङ स्थित टुँडिखेललाई मिनी खेलमैदान सहितको वहुउपयोगि मैदानको रुपमा विकास गरिनेछ ।
- खेल क्षेत्रको विकासको लागि मेयर कप खेलकुद प्रतियोगितालाई निरन्तरता प्रदान गरिनेछ ।

## (३) सामाजिक सुरक्षा नीति ः

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सरल र सहज रुपमा टोल तथा वस्तिहरुमा पुगि वितरण गर्ने नीति लिइनेछ ।
- पञ्जिकरण सेवालाई अनलाइन प्रणलीमा लगिने छ ।
- खरको छाना विस्थापन कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

# (घ) वन, वातावरण तथा विपद व्यवस्थापन

- रोल्पा नगरपालिकालाई प्लाष्टिक मुक्त नगरपालिको रुपमा घोषणा गरिनेछ ।
- सफा र हरियाली नगरपालिका निर्माणका लागि हरित सडक, खोला खोल्सामा वृक्षा रोपण, बाँस रोपण, रुख तथा बाँसद्धारा तटवन्धन , सामुदायिक भवनको संरक्षण, खाली ठाँउमा वृक्षारोपण आदि कार्य गरिने छ ।
- एक घर एक रुखको विरुवा, घरको छत र वरण्डामा कौशि खेतीको शुरुवात गरी नगरलाई सफा र हरियो नगरको रुपमा विकास गरिनेछ ।
- रोल्पा नगरपालीकाका शहरी क्षेत्रहरुमा एक पसल/एक घर दुइ गमलाको नीतिलाई कार्यान्वयन गरिनेछ ।
- धवाङ,दार्वोट,पातिहाल्ना-भीरखोला तथा ह्वामा क्षेत्रलाई जडिबुटी पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।

- जडिवुटीलाई  प्रकृतिको देनको रुपमा मात्र होइन व्यवसायिक खेतीको रुपमा पनि विकास गरिनेछ ,।
- माडिखोला र धाङसीखोलाको सफाईमा विशेष ध्यान दिइने छ । नालाको पानी मिसाउदा सफा गरेर मात्र मिसाउने व्यवस्था गरिनेछ ।
- माडिखोला र सहायक खोलाको आधुनिक प्रविधि अपनाई वहुउपयोग र संरक्षण गरिनेछ ।
- सरसफाई केन्द्रको प्रभावकारितामा अरु वृद्धि गरी क्षमता विकास गर्ने । यस्ता केन्द्र वडा वडामा विस्तार गरिनेछ ।
- Zero Waste प्रणालीलाई अझ प्रभावकारी बनाई फोहोरवाट आधुनिक प्रविधि अपनाई वहुउपयोगी वनाइने छ ।
- नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्नेतर्फ अभियान अगाडि बढाईनेछ ।
- रोल्पा जिल्ला अस्पतालको पूर्वाधार निर्माण कार्य अगाडि वढाइनेछ ।
- वातावरण संरक्षणका लागि जिल्ला वन कार्यालयसँग समन्वय गरी एक नगर अनेक उद्धान कार्यक्रम सफल गर्न आवश्यक कार्यहरु अगाडि वढाईनेछ ।
- विद्यमान स्वास्थ्य संस्थाको विकास र विस्तार गरी आधारभुत स्वास्थ्य सेवामा सवैको पहुँच कायम गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन र BIO Engineering को प्रविधि अवलम्बन गरिनेछ ।
- नगरभित्र हुने भूस्खलन, वाढी पहिरो, आगलागि, भुकम्प, आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृतिम विपत्तिवाट तुरुन्त राहत कार्य गर्न नगरपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी, र नेपाल रेडक्रससँग समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना वनाउन न.पा.मा विपद व्यवस्थापन केन्द्र स्थापना गरिने छ । विपद व्यवस्थापनका लागि अस्थायी Shelter को व्यवस्था गरिने छ ।

## (ङ)सुशासन तथा संस्थागत सम्बन्धी नीति ः

### (१)आन्तरिक आय वृद्धि/कर/राजश्व परिचालन सम्बन्धी नीति ः

- आन्तरिक आयमा सवल वनाउन राजश्वमा सुधार गरी सहज सरल र दायरा फराकिलो वनाई सर्वसुलभ वनाउने ।
- नदीजन्य बस्तुहरु बालुवा,गिट्टी र ढुंगाका लागि टेण्डर आव्हान गरि करको दायरामा ल्याउने कार्यलाई निरन्तरता दिइनेछ ।
- आन्तरिक आय वृद्धि गर्नका लागि राजश्वका /करका विभिन्न क्षेत्रहरुको पहिचान गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन वापत प्रत्येक घरधुरी, संघसंस्था, कार्यालय, व्यापारिक पसललाई कर/शुल्क लगाईनेछ ।
- टेलिफोन टावर, केवल लाइन र होर्डिड. वोर्डमा कर लगाईनेछ ।

- नगरपालिकाले विभिन्न क्षेत्रवाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारीरुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।
- राजश्व प्रशासन शाखालाई थप सुदृढ गर्दै लगिनेछ ।
- लिसो लगायत वन पैदावर,ढुङ्गा,वालुवा गिट्टी लगायतका क्षेत्रको सुष्म अध्ययन गरि कर प्रणालीमा ल्याइनेछ ।
- घर नक्शापास नियमित गर्दा लाग्ने जरिवाना रकमलाई बढाइनेछ ।
- नगरपालिका भित्र रहेका खोला तथा खनिज पदार्थहरुको संभाव्य अध्ययन गरिनेछ र उर्जा एवं खनिज पदार्थ उत्खनन कार्यलाई अगाडी बढाइ आन्तरिक आय श्रोतलाई दिगो बनाइनेछ ।

## (२) मानव संशाधन सम्बन्धी नीति ः

- नगरपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको कर्मचारीहरुमा Chain of Command , सेवा ग्राही प्रति उत्तरदायी र कर्मचारी आचारसंहिता निर्माण गरि लागू गरिने छ । कार्यरत कर्मचारीको आचारसंहिता वनाई कार्यान्वयन गरिनेछ ।
- रोल्पा नगरपालिकाको वृहत विकास योजना निर्माण गरि आगामी पाँच वर्षभित्रमा रोल्पा नगरपालिकालाई नमुना नगरपालिकाको रुपमा विकास गरिनेछ ।
- नगरपालिकाको व्यवस्थित विकासको लागि सल्लाहकारहरु, विषय विज्ञ सल्लाहकार, Consultant र नगरको समूचित विकास र मोडेल नगरपालिकाका लागि आवश्यक जनशक्ति नियुक्ति गरिने छ ।
- कर्मचारीहरुलाई समय सापेक्ष विभिन्न क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
- कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ठ काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

## (३) सुशासन,संगठन विकास तथा कार्यालय व्यवस्थापन सम्बन्धी नीति :

- संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय तहको ऐन नियमानुसार नगर कार्यपालिकालाई आवश्यक पर्ने श्रोतको व्यवस्था हेरी संगठन संरचना र दरवन्दी श्रृजना गर्न Organization Development (OD)अध्ययनको आधारमा पदपूर्ति गरिनेछ ।
- नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त ,विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी वनाउदै अत्यावश्यक रिक्त दरवन्दीहरुमा उपयुक्त प्रक्रियावाट पदपूर्ति गरिनेछ ।
- सुशासन स्थापनाको लागि आवश्यक कानून, नियम, विनियम, कार्यविधि, आदिको निर्माण गरि Chainof Command निर्माण गरिने छ ।
- सवै कर्मचारीहरुको कार्यविवरण वनाई लागू गरिनेछ ।
- नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।

- नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।
- उत्कृष्ठ कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, संचारकर्मी, टोल विकास समितिलाई पुरस्कृत गर्ने पद्दतीको विकास गरी यसलाई निरन्तरता दिईनेछ ।
- नगर कार्यपालिकाको वैठकवाट स्वीकृत रोल्पा. नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिईनेछ ।
- नगरपालिकाको संगठन विकास (ओ.डि.) को लागि अध्ययन गराई सो वमोजिमका जनशक्ति पूर्ति गरिनेछ ।
- नगरपालिकालाई आवश्यक मेशिनरी औजार, ढुवानीका साधन र सवारी साााधनहरु खरिद गरिनेछ ।
- योजनाका कार्यहरुलाई समयमा सम्पन्न गर्न तथा उपभोक्ता समितिलाई सहज हुने गरी कार्यावातावरण बनाउन योजना शुरु गर्नु पूर्व अभिमुखिकरण तालिमको व्यवस्था गरिनेछ ।

## (४) मर्यादा पालन सम्बन्धी नीति ः

- नगरसभा संचालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादा पालन सम्बन्धि विविध विषयहरुलाई कडाईका साथ पालनामा जोड दिईनेछ ।
- जननिर्वाचित प्रतिनिधिहरुका लागि आचारसंहिता वनाई लागू गरिनेछ ।
- नगरकार्यपालिकाको वैठकवाट स्वीकृत विभिन्न ऐन, नियमावली, कार्यविधि तथा आचार संहिताको पालनामा जोड दिईनेछ ।

## (५) सार्वजनिक नीजि साझेदारी नीति ः

- गाँउ नगरको रुपमा रहेको रोल्पानगरपालिकामा गाउ नगर साझेदारी विकासको रुपमा अगाडि वढाइने छ ।
- नगरपालीकाको विकास र सम्वृद्धिका लागि सहकारी अभियानलाई व्यापक वनाइनेछ ।
- निजी क्षेत्र, सहकारी क्षेत्र र सार्वजनिक क्षेत्र बीच सहकार्यको आधारमा विकासका कार्यक्रम गरिनेछ ।
- यस नगरपालिका क्षेत्रभित्र मनोरञ्जनात्मक पार्क, उद्यान, पुस्तकालय, फोहोरमैला व्यवस्थापन, हाट वजार संचालन, जस्ता कार्यका लागि सार्वजनिक निजी साझेदारी मोडलमा काम गर्ने परिपाटीको विकास गरिनेछ । यसका लागि उद्योग वाणिज्य संघ लगायतका अन्य सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।
- रोल्पा. स्थित रोल्पा उद्योग वाणिज्य संघ, होटल व्यवसायी संघ,स्थानीय क्लवहरु, संचार संस्थाहरु, यातायात व्यवसायिक समितिहरु, ट्रेक व्यवस्थापन समितिसँग सहकार्य र साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछन ।
- मासु व्यवसायी संघ सँगको सहकार्यमा मासु पसल सुधार, पशुवधशाला निर्माण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

## (६) सामाजिक परिचालन तथा टोल विकास नीति :

- टोल विकास तथा सामुदायिक संघ संस्थाहरुको सहयोग, समन्वय र सक्रियतामा सामुदायिक विकासका कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक संस्थाहरु एवं लक्षित वर्ग केन्द्रित पूर्वाधार विकास, संथागत विकास, आयमूलक एवं सीपमूलक कार्यक्रम तथा क्षमता विकास सम्बन्धि कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन गरिनेछ ।

## (७) सूचना तथा संचार नीति :

- सूचना तथा संचार क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकास गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।
- पत्रकार महासंघ लगायत संचार क्षेत्र संग सम्वन्धित सवै संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।
- फोन तथा मोवाइल सेवाबाट कोही पनि वञ्चित हुन नपर्ने गरि नगरपालिकाका नेटवर्क नपुगेका स्थानहरुको पहिचान गरि विस्तार कार्यको पहल गरिनेछ ।
- दुरसंचार प्रणालीलाई सवै वडामा सर्वसुलभ वनाउन पहल गरिने छ । ICT प्रणालीलाई आधुनिकतम उपकरण उपयोग गरि प्रत्येक नागरिकलाई सुशुचित गरिने छ ।
- **FREE WI FI ZONEको नीति अवलम्वन गरिनेछ ।**
- नगरपालिकावाट संचालित विविध विकास कार्यक्रम, सेवा प्रवाहको अधिकतम सार्वजनिक गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिनेछ ।
- सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न नगरपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमवाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ ।
- स्थानीय पत्रिका, F.M. रेडियो, केवुलकार र टेलिभिजनहरु मार्फत नगरका गतिविधिहरु आवश्यकतानुसार प्रकाशन र प्रसारण गरिनेछ ।
- खोजमूलक र अनुसन्धानमूलक पत्रकारितालाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

## (च) न्याय सम्बन्धी :

- स्थानीय सरकार संचालन ऐन,२०७४ तथा अन्य प्रचलित कानूनको परिधिमा रही सर्वसुलभ रुपले सर्वसाधारणलाई न्याय दिलाइनेछ ।
- प्रत्येक वडा कार्यालयहरुमा मेलमिलाप केन्द्रहरुको स्थापना गरी न्याय सेवालाई जनताको घर दैलोमा पुऱ्याइनेछ ।
- सामाजिक सद्भाव तथा मेलमिलाप प्रवर्द्धन गर्न मेलमिलाप केन्द्रमा काम गर्ने मेलमिलाप कर्ताहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

## (च) अन्य ः

- नगरपालिकाको समग्र कानुनी तथा सामाजिक अवस्थालाई व्यवस्थित गर्न नगर प्रहरीको व्यवस्था गरिनेछ ।
- संघीय प्रहरी, प्रादेशिक प्रहरी र आवश्यकता अनुसार नगर प्रहरी विच समन्वय गरी शान्ति सुरक्षा र कानूनी नगरको रुपमा विकास गरिने छ ।
- सभ्य र समृद्ध नगरपालिकाका लागि मदिरापान तथा मद्यपानको प्रयोगलाई नियन्त्रण गरिनेछ ।
- नगरपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको समुचित संरक्षणको व्यवस्था गरिनेछ ।
- समग्र भूमी सम्बन्धी वैज्ञानीक नीति अवलम्बन गरिनेछ ।
- जल सम्बन्धी व्यवस्थित नीति अवलम्बन गरिनेछ ।

**प्रमाणित गर्ने**
**पूर्ण के.सी.**
**नगर प्रमुख**